# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १२ गते २०२६ साल

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला पञ्चायत ऐन, २०१९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका गाउँ पञ्चायतहरू र यसका क्षेत्रहरूलाई बागमती अञ्चल, काठमाडौं जिल्लाबाट झिकी नारायणी अञ्चल मकवानपुर जिल्लामा थपिदिएको छ ।

१. ईपा उखुबारी गाउँ पञ्चायत ।
२. ईपा आँप चौर ,, ,, ।
३. सिस्नेरी महादेव स्थान गाउँ पञ्चायत ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।

६३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०२६।७।१६।३ को निर्णयानुसार श्री रमेशप्रसाद धिताललाई प्र.जि.अ. को कार्यालय सिन्धुपाल्चोकको प्रमुख जिल्ला अधिकारी पदमा कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०२६।७।१६।३ को निर्णयानुसार श्री बन्धु पन्तलाई प्र.जि.अ. को कार्यालय ताप्लेजुङ्गको प्रमुख जिल्ला अधिकारी पदमा कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।

६३८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।